# ८ ज्ञानबुद्धिका वचनहरू

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* हितोपदेश २०, १ कोरन्थी १२:१४-२६, यर्मिया ९:२३,२४, हितोपदेश २१, मत्ती २५:३५-४०, हितोपदेश २२।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"कतिले आफूसँग भएको माया कहिल्यै पनि असफल हुँदैन भनेर दावी गर्छन् तर विश्वासीलो र भरपर्दो मित्र कसले पाउँछन् र?" हितोपदेश २०:६।**

**कुनै न कुनै प्रकारले हामीहरूका सबै परिस्थिति वा वातावरणको एक भाग हौं।** हामीहरूको बंशको इतिहासले हामीहरू को हौं भनेर ढाल्नेमा ठूलो भूमिका खेल्छ। तर हामीहरूले अङ्गालेका विवेक, नैतिक मूल्य मान्यता आदि हामीहरू हुर्केका वातावरणबाट निर्धारण गरेका हुन्छन्। हामीहरू जन्मेको र हुर्केको घर परिवार, शिक्षा, संस्कार र संस्कृति आदि सबैले हामीहरूको चिनारीलाई देखाउँछन्। जन्मैदेखि हामी जे देख्छौं र सुन्छौं त्यसबाट प्रभावित भएका हुन्छौं।

तर दुर्भाग्यवस हामी जे सुन्छौं, देख्छौं वा सिक्छौं हामीहरूको जीवनको निम्ति सधैं उत्तम छ भन्ने छैन। हामीहरूका वरिपरि भएका संसार कुनै न कुनै रूपमा पतित भएका छन्। त्यसले गर्दा हामीलाई नकारात्मक प्रभाव पार्नबाट रोक्न सकिन्न। तर हामीलाई पवित्र आत्माको प्रतिज्ञा दिइएको छ र हामीसँग परमेश्वरको वचन छ जसले यस संसारले औंल्याउने भन्दा उच्च र उत्तम कुरामा आँखा लगाउन दिन्छ।

यस अध्यायमा हामीले विभिन्न हितोपदेश अर्थात् अर्तीहरूको बारेमा हेर्नेछौं। तिनीहरूले हामीलाई के उपयोगी सत्यहरु सिकाउँछ सो हेर्नेछौं। ती सतज्ञानहरूले हामीलाई यस संसारमा रहनुपर्दा सामना गर्नुपर्ने पाप तथा दुष्टताका विभिन्न पक्षहरूसँग कसरी सामना गर्दै जाने

र आउने उत्तम संसारको निम्ति कसरी तयार भएर बस्ने भनेर सिकाउँदछन्।

## १ हामी सबै बराबर छौं (हितोपदेश २०:१२)

**मानव अबमूल्यनको मारमा परिरहेका मानव जगतको निम्ति हितोपदेश २०:१२ले सारा मानिसको मूल्य वा मोल कतिको छ भनेर बताउँछन्। हेर्नुहोसः "सुन्ने कान र देख्ने आँखा, ती दुवै परमप्रभुले नै बनाउनुभएको हो।"**

**बेलायतको चार्ल्स डार्विन र अरू केही विज्ञानका अठारौं शताव्दीका चिन्तकहरूले** यस संसारको उत्पत्ति अचानक भएको हो भनेर बिकासवाद सिद्धान्तको तर्कलाई अघि सारेका थिए। त्यस तर्कमा यस संसार कुनै सुनियोजित वा योजनावद्ध रूपमा सृजिएको होइन भनेर दावी गरिएको छ। तर सारा पृथ्वी वा मानव प्राणी परमेश्वरले नै सृष्टि गर्नुभएको हो भने सिकाउँदछ (प्रेरित १७:२६)। अमेरिकाको राष्ट्रपती थोमस जेफरसनले एकपल्ट भनेका थिए "सबै मानिसहरू समान छन् किनभने तिनीहरूलाई सृष्टिकर्ता परमेश्वरले सृष्टि गर्नुभएको थियो।"

हामी जो कोही जहाँ भएतापनि हामीहरू सबैको एउटै सृष्टिकर्ता हुनुहुन्छ। तर त्यसको अर्थ यो पनि होइन कि हामी सबै एकनासका छौं। कतिपय जुम्ल्याहाहरू पनि एकै खालका देखिन्दैन। हामीहरूमा भएको भिन्नतालाई प्रेरित पावलले कोरन्थी शहरमा औंल्याएका थिए। हामी अरूभन्दा असल वा उत्तमा जातका छौं भनेर ठान्नु हुँदैन भनेर उनले जिकिर गर्दछन्। तर हामीहरूमा भएका भिन्नताले एक आपसको आवश्यकताको महसूस गर्नुपर्छ। "आँखाले हातलाई "मलाई तिम्रो मतलब छैन।" न त टाउकोले खुट्टालाई "मलाई तिम्रो खाँचो छैन" भनेर हेप्न सक्छ।" ( १ कोरन्थी १२:२१ रूपान्तरित)।

**अरू के कुरामा हामी समान छौं भनेर हितोपदेश २०:९ले बताउँछ?** हेर्नुहोस्ः **"कसले भन्न सक्छ, "मैले आफ्नो हृदय शुद्ध राखेको छु, म सफा र पापरहित छु"?**

पाप अर्को विषय हो जसले गर्दा हामी सबै जना बराबरी छौं भनेर सिकाउँदछ। किन त? मानव प्राणी सबै जना कमजोर छन् र

एक दिन सबै जना मर्नुपर्छ। मानिस जतिसुकै धनी वा शक्तिशाली भएतापनि त्यस अवस्थालाई परिवर्तन गर्न सक्दैन। तर पापको भुमरीमा मानवप्राणी पर्नुपरेतापनि मानिस निराश नै हुनुपर्छ भन्ने छैन भनेर बाइबलले सिकाउँदछ। येशू ख्रीष्ट क्रुसमा मर्नुभएकोले र उहाँको पुनरुत्थानले गर्दा प्रत्येक मानिस अनन्त जीवन पाउन सक्छ भनेर उसलाई प्रतिज्ञा दिइएको छ। र त्यो अनन्त जीवन वा अहिले नै स्वर्गको राज्यको नागरिक हुने अनुभूति केवल येशूलाई विश्‍वास गरेरमात्र प्राप्त गर्न सकिन्छ तर कुनै धर्मकर्म वा अथक प्रयासले होइन।

"मानिसले जतिसुकै असल काम गरेतापनि उसले मुक्तिलाई आर्जन गर्न सक्दैन। मुक्ति भनेको अनुग्रहबाट नै हुनुपर्छ। मानिस पापी हुँ भनेर स्वीकार गरेर र येशूप्रति आस्था राखेर मुक्तिलाई ग्रहण गर्न सकिन्छ। मानिसको अथक प्रयास, धर्मकर्म वा परोपकारी काम गरेर होइन तर सित्तैंमा मुक्ति पाइन्छ। विश्‍वासद्वारा निर्दोष कसरी ठहरिन्छ र त्यो के हो भन्ने अन्यौलता र प्रश्‍नहरू येशूको अनुग्रहको बरदानले अन्त्य गर्दछ। येशूको अनुग्रहले नै मानिसको असल कामले कहिल्यै पनि मुक्ति पाउन सक्दैन भन्ने कुरा सदाको निम्ति थान्को लागेको छ।"-एलेन जी ह्वाइट, फेथ आन्ड वर्कस्, पृ. २०बाट रूपान्तरित।

**तपाईं असल भनेर महसूस गर्नुभएतापनि, तपाईंले असल वा परोपकारी काम गर्नुभएतापनि, तपाईं चर्चमा नियमित रूपमा जाने व्यक्ति भनेर गौरब गरेतापनि के तपाईं अरूभन्दा धर्मात्मा वा असल छु भनेर दावी गर्नुहुन्छ? वा तपाईं अरूभन्दा खराब छु भनेर दिक्क मान्नुहुन्छ? संसारको कुनै पनि व्यक्तिसँग तपाईं दाँजेर आफू असल कि खराब छु भनेर गौरब वा हिनताबोध गर्न उचित छैन। मानिस सबै जना बराबर छ भनेर क्रुसको अवधारणाले कसरी स्पष्ट पार्छ?**

## २. जीवनको परिक्षा (हितोपदेश २०:६)

धर्मीहरूले पाउने इनामको बारेका प्रकाश १४:१३ले भन्दछ, "तिनीहरूको कामले तिनीहरूलाई पछ्याउने छन्।" मानिसको यथार्थ मूल्य केवल भविष्यमा मात्र देख्न पाउनेछ। बौद्धिक क्षमता वा प्रतिभा,

धनसम्पत्ति र शारीरिक क्षमताको बारेमा मानिसहरूले गर्व गर्न सक्छ होला। त्यो गर्व सत्य नै हुनसक्छ। तर परमेश्वरको सामु ती सबै के हुन् त? प्रायजसो मानिसको सफलता र क्रियाकलापहरू अत्यन्त महत्त्वपूर्ण र गहिरो प्रभाव पार्ने खालका हुन सक्छ। तर परमेश्वरको सामु त्यो केही पनि होइन। लोकप्रिय स्वार्थी कलाकार तथा गायकहरू जसलाई तिनीहरूका भक्तहरूले तिनीहरूसँग मोहित होला। मानिसहरूलाई नै आइडल वा तिनीहरूको भारी प्रशंसा गरेर जब तिनीहरूको अगाडि घोप्टो पर्छन् तब हामीहरू कति गिरेका रहेछौं भनेर देखाउँदछ।

**परमेश्वरको सामु हामीहरूको सही मूल्याङ्कन कसरी गरिएको छ भनेर देहायका पदहरूले कसरी बताउँदछन्, हेर्नुहोस्ः हितोपदेश २०:६ "धेरै मानिसहरू आफूमा अचूक प्रेम भएको दाबी गर्छन्, तर विश्वास योग्य मानिस कहाँ पाउन सकिएला?", यर्मिया ९:२३,२४ "परमप्रभु यसो भन्नुहुन्छः "बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, २४ तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्ः 'म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु," परमप्रभु भन्नुहुन्छ।" र मर्कूस ९:३५ "तब उहाँ बस्नुभयो, र बाह्रै जनालाई बोलाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ।"**

केवल जिन्दगीमा एक फेर गर्ने अचम्मको माया र त्यागले हामीहरूको एक आपसको सम्बन्ध अर्थमूलक छ भनेर देखाउँदैन। तर दिनदिनै निश्चित रूपमा र धैर्यतासाथ नियमित र लामो समयसम्म श्रृखलावद्ध रूपमा गरिने कामले मानिसहरूसँगको सम्बन्ध कतिको सार्थक छ भनेर देखाउँछ। आफ्नो जोडीलाई खाना पस्किदिने तरिका, बिमारी आमाबाबुलाई प्यारपूर्वक हेरचाह, काममा लगनशीलता जस्ता हेर्दा साना तर एक आपसका सम्बन्धलाई मजबूत बनाउने आचरणले

हामीहरूको असल स्वभावलाई देखाउँछ। जिन्दगीभर नम्र र कोमल भएर गरिने कामले परमेश्वरमाथिको आस्था साँच्चिकै रहेछ भनेर प्रमाणित गर्छ। जुनसुकै परिस्थितिमा पनि विश्वासिलो भएर बस्नु बल देखाउनुभन्दा मूल्यवान हुन्छ तर यस्तो प्रेमको कार्य बिरलै हुन्छ।

यही नीति हामीहरूको परमेश्वरसँगको सम्बन्धमा पनि लागु हुन्छ। परमेश्वरको लागि मर्न सजिलो होला तर उहाँको लागि जिउनु त्यति सजिलो छैन। मृत्यु भनेको तुरन्तै हुन सक्छ तर जिउनुभनेको जिन्दगीभरको मामिला हो। परमेश्वरको निम्ति जिउँदो भएर बस्ने सन्तहरू उहाँको निम्ति शहीद हुनु भन्दा महान् छन्। परमेश्वरलाई विश्वास गर्छु र उहाँको सेवा गर्छु भनेर जसले पनि दावी गर्न सक्छ। तर तिनीहरूको आस्था वा विश्वास परमेश्वरमाथि कतिको अटल छ सो सोच्नु आवश्यक छ। आखिरमा येशूले यो भन्नुभएको थियो "जो अन्तसम्म स्थिर रहन्छ त्यसले उद्धार पाउनेछ।" (मत्ती २४:१३ रूपान्तरित)।

कसरी सदाशयता, दया, करूणा, धैर्यता र अरूको आवश्यकतामा सहायता गर्न तत्पर हुँदा येशूको प्रेमिलो र असल स्वभावको सानो भाग तपाईं देखाउन सक्नुहुन्छ? तपाईंको आफ्नो मोलको ख्याल नराखी त्यो गर्न तपाईं कतिको राजी हुनुहुन्छ?

## ३. परमेश्वरको प्रतिक्षा गरेर बस्नु (हितोपदेश २०:१७)

**हितोपदेश २०:१७ र २१:५मा हामीलाई अत्यन्त उपयोगी सन्देश दिएका छन्। तिनीहरूबाट हामीले के पाठ सिक्न सक्छौं? हेरौंः "छलद्वारा पाएको भोजन मानिसलाई मीठो लाग्छ, तर त्यसको अन्त्यचाहिँ मुखभरि रोडा हालेसरह (वा फलामको च्युरा) हुन्छ।", हितोपदेश २१:५ "लगनशीलको योजनाहरूले लाभ गराउनेतर्फ उन्मुख गराउँछ, त्यसरी नै हतार गर्नाले दरिद्रतामा पुगिन्छ।"**

एकदम मेहनती काम गरेर फाइदा लिनेले भन्दा चोरेर वा भ्रष्टाचार गरेर फाइदा लिने छिट्टो हुन्छ। छल गरेर वा आफूले बेच्ने कुरालाई अनेकन् झुठ्ठा कुरा गरेर बेच्ने चाहिँ छिटो धनी हुनसक्छ। तर इमान्दारी साहु छिटो धनी हुँदैन (हितोपदेश २१:५सँग ६पद तुलना

गर्नुहोस्)। तर हितोपदेश १७:१७ले भन्दछ कि छल गरेर धनी हुने मानिसको मिठाई पछि गएर फलामको च्युरा वा रोडा जस्तो हुनेछ रे। जरैदेखी काम नगरी टुप्पोबाटै पहलाउने व्यक्ति वा छलकपटद्वारा तुरन्त धनी हुने व्यक्ति दरिद्र हुनसक्छ। हितोपदेश २०ले त्यस भनाइको सत्यतालाई बिभिन्न उदाहरणहरूद्वारा स्पष्ट गर्न खोजेको पाइन्छ।

अ. पुर्खौली सम्पत्ति (हितोपदेश २०:२१) कतिपय सन्तानले आफ्ना आमाबाबु जिउँदै छन्दा हतपत तिनीहरूको सम्पत्ति बाँडेर लिन्छ। त्यसो गर्नु बाबुआमालाई श्राप दिनु जस्तो हो, त्यस्तो को न्याय गरिन्छ भनेर हितोपदेश २०:२०ले बताउँदछ। पुर्खौली सम्पत्तिको निम्ति तँछाडमछाड गर्नुसँग बाबुआमालाई श्रापदिनु तुलना गरिएको अर्ती उल्लेखनीय छ। त्यसको अर्थ सम्पत्ति हात पार्न चाहने छोराछोरीले आफ्ना बाबुआमा छिटो मरोस् भन्ने चाहन सक्छ। त्यत्तिमात्र होइन कतिपय समयमा पुर्खौली सम्पत्तिको निम्ति बाबुआमाको सुनियोजित ढङ्गले हत्या पनि गर्न सक्छ। तर त्यस्तो छोराछोरीहरूको भविष्य कहाली लाग्दो हुनसक्छ। अहिले झलमल बलेको बत्ती जस्तै ऊ आनन्द मनाउला तर पछि ऊ गहिरो अन्धकारको फन्दामा पर्न सक्छ। बाबुआमालाई दिएको श्राप तिनीहरूको निम्ति अभिशाप हुनेछ। कुनियतले खोसेको सम्पत्तिमा पछि उसले रमाउन सक्ने छैन (पद २१)।

आ. प्रतिशोधको भावना (हितोपदेश २०:२२) आफूमाथि अन्याय भएको व्यक्तिले अन्याय गर्नेप्रति प्रतिशोधको भावनालाई जगाइ नराख्न हितोपदेशले सल्लाह दिन्छ। अन्याय गर्नेलाई अन्याय नगर्न तर त्यसको फैसला परमेश्वरले नै गर्नुहुन्छ भनेर उहाँमाथि भरोसा राखेर छोड्दा आफूलाई आत्मसंतुष्टि हुनसक्छ, राहतको महसूस हुनसक्छ र उसले उद्धार पनि पाउनेछ। त्यसको अर्थ बदला लिन खोज्नु अत्यन्त जोखिमपूर्ण काम हो भनेर हामीलाई बताउन खोजेको पाउँछौं। हितोपदेश २५:२१,२२ले त्यही अर्ती दिन्छ। बदला नलिनु भन्नुको अर्थ दनदन बलेको कोइला शत्रुको शीरमा खन्याउनु हो रे!

इजिप्टको संस्कारमा त्यसको अर्थ पश्चाताप र आत्मपरिवर्तन गर्नु हो। यदि बदला लिने वा ईष राख्ने स्वभावलाई त्याग्न सकियो भने परमेश्वरले उसलाई मुक्ति दिनुहुन्छ भनेर हितोपदेश २०:२२मा प्रतिज्ञा गरिएको छ। त्यसो गर्दा हामीहरूको शत्रुले पनि उद्धार पाउन सक्छ भनेर हितोपदेश २५:२१,२२ले थप्दछन्। खराबलाई असलबाट जित्ने स्वभावले सुसम्पन्न हुनुभनेको खराबमाथि बिजय प्राप्त गर्नु हो (रोमी १२:२१)।

**आफूमाथि अन्याय वा अत्याचार वा खराब गर्नेलाई असल गरेर ख्रीष्टको स्वभावको अनुसरण गर्ने विद्या तपाईँले कसरी सिक्ने? मानव स्वभावले त्यसो गर्न किन दिँदैन? स्वार्थ त्याग वा आफ्नो भलो नचाहने स्वभाव भयोभने मात्र मानिस त्यस स्थितिमा पुग्न सक्छ भन्ने ज्ञानलाई कसरी आत्मसात् गर्ने?**

## ४. निर्धन तथा गरिबप्रति देखाउनुपर्ने दया र करुणा (मत्ती २५:३५-४०)

आवश्यक परेको बेला गरिबलाई दया, करूणा वा सहायता गर्न कसरी चासो देखाउँछ त्यसको आधारमा मानिसको गुण तथा स्वभाव थाहा हुन्छ। तपाईँसँग के छ त्यसको आधारमा तपाईँको चरित्रको मूल्याङ्कन गरिने होइन। छिमेकीलाई गरिने व्यवहारले तपाईँ कस्तो खालको मानिस भनेर अरूले तपाईँलाई चिनेका हुन्छन्। जातभात, धर्म नमिल्ने र बिदेशी तथा दलित भनेर हेपिएको सामरी मानिस यहूदी धर्मका कठ्ठर धार्मिक पण्डित तथा गुरूभन्दा स्वर्गको राज्यमा नजिक भएको येशूले देखाउनुभएको थियो किनभने आफूलाई तिरस्कार गर्ने वा पानी नचल्ने भनेर हेप्ने यहूदीलाई सामरीले उद्धार गरेको थियो (लूका ११:२६-३७)। कुनै गुफा वा कुटी वा कोठामा बसेर करूणाको प्रवचन दिएर करूणा देखाउन सकिँदैन तर सक्रिय भएर व्यवहारद्वार करूणा देखाउनु जरुरी छ भनेर हितोपदेशले बारम्बार औँल्याउँछ।

*परमेश्वरको निम्ति:* तपाईँको जीवनमा अरूप्रति सदाशयता र करूणा देखाउनु पर्ने मूल कारण परमेश्वरमा नै निहित हुन्छ। धर्मको लुगा

लगाएर धर्मात्मा देखाउनु भन्दा वा अनेकन् अध्यात्मिक काम गरेर परमेश्वरको भक्त बनेर देखाउनुभन्दा गरिब निर्धनहरूलाई करूणा देखाउनु परमेश्वरको चाहना हो (हितोपदेश १९:१७, २१:१३)। चर्चको निम्ति ठूलो ठूलो काम गरेर देखाउनुभन्दा गरिबप्रति तपाईँ कतिको संबेदनशील हुनुहुन्छ र तिनीहरूलाई तपाईँले कस्तो व्यवहार गर्नुहुन्छ त्यो परमेश्वरको निम्ति महत्त्वपूर्ण हुन्छ। यथार्थमा भन्ने हो भने अरूप्रति दया तथा परोपकारी काममा हामी समाबेश भयौं भने परमेश्वर पनि त्यस काममाउहाँ हामीसँग सम्मिलित हुने उहाँको चाहना हो। अझ येशूले मानवतावाद भन्दा माथि उचलेर भन्नुहुन्छ कि गरिबलाई सहायता गर्नु परमेश्वरलाई दिनु हो रे (मत्ती २५:३५-४०)।

**दरिद्र, निम्नस्तर, गरिबीको रेखामूनि रहेका, असह्य तथा आधारभूत आवश्यकता पनि जोड्न नसक्ने मानिसहरूसँग येशू कसरी नजिक हुनुहुँदो रहेछ भनेर मत्ती २५:३१-४०ले कसरी बताउँछ? येशूले व्यक्त गर्नुभएको मर्मप्रति येशूभक्त भनेर हामी दावी गर्नेहरू कतिको संवेदनशील हुनुपर्छ? हेर्नुहोस्: "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।'**

**३७ "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई**

**परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।'**

*गरिबको निम्तिः* गरिबलाई करूणा देखाउनुपर्ने दोस्रो कारण गरिब आफैको निम्ति हो। परमेश्वरले धनीलाई मात्र होइन गरिबलाई पनि सृष्टि गर्नुभएको हो (हितोपदेश २२:२)। सबै मानिसहरू बराबरी छन् किनभने उहाँले नै सबैलाई सृष्टि गर्नुभएको हो (सबै मानिस बराबर छन् तर कोही अरूभन्दा बराबरी छन् भनेर जर्ज अर्वेलले आनिमल फार्ममा व्यक्त गरेका थिए। त्यसले मानिस जतिसुकै समाजबादको वकालत गरेतापनि समाजमा ठूलो सानो भेद रहिनरन्छ भनेर देखाउँछ। तर परमेश्वरको सामु सबैजना गरिब, धनी, स्त्रीपुरूष एकैनास छन्- अनुवादकको टिप्पणी)। धनी वा प्रतिष्ठित वर्गहरूमात्र होइन गरिब र असहाय पनि परमेश्वरको सामु उच्च मूल्यका छन् भनेर येशूको उक्त अर्तीकथाले जनाउँछ। अरू मानवप्राणी कस्तो छ त्यसैको आधारमा हामीले माया वा स्नेह देखाउनुपर्छ तर हामीले कस्तो हुनुपर्छ भन्ने आधारमा तिनीहरूलाई व्यवहार गर्ने होइन। परमेश्वरको स्वरुपमा मानिसहरूलाई सृष्टि गरिएकोले जुनसुकै जात, धर्म, आर्थिक स्तर, मानमर्यादा भएका र नभएकाहरूलाई हामीले हेर्ने दृष्टिकोण र व्यवहार गर्ने तरिकाहरूमा अत्यन्त संबेदनशील अपनाउनुपर्छ।

फेरि त्यसै वखत अरूको आवश्यकतामा तपाईंले हेर्नुभयो भने तपाईं आफैलाई कतिको रमाइलो लाग्छ सो सोच्नुहोस्। पापले गर्दा मानिस स्वभावैले स्वार्थी भएको छ। अरूभन्दा आफ्नो भाऊ खोज्न हामी अत्यन्त तत्पर हुन्छौं। आफ्नो स्तरमा कोही आएन भने त्यसलाई हेप्ने मानिसको चरित्र हो। तर त्यागी भावनाले अरूको उत्थानको निम्ति हामीहरूले जीवन दिन सक्यौं भने हामी येशूको चरित्रलाई प्रतिबिम्ब गरेका हुन्छौं। येशूलाई हृदयमा सजाएर राख्छु भनेर दावी

गर्ने हामीहरूलाई त्यो भन्दा महत्त्वपूर्ण लक्ष्य यस संसारमा अरू के होला र?

**आफूलाई मात्र भन्दा अरूलाई केही मद्दत गर्दा तपाईंले झन धेरै आत्मसंतुष्टि भएको कहिल्यै अनुभव गर्नुभएको छ?**

## ५. सही शिक्षा (हितोपदेश २२:६)

हिब्रू भाषामा "शिक्षा" भन्ने शब्द "निर्माण गर्नु" वा "सुरू गर्नु"बाट आएको हो। ती सबैको अर्थ शिक्षालाई हिब्रू संस्कारले यसरी औंल्याउँछः जब हामीले बालकलाई तालिम दिन्छौं (हितोपदेश २२:६) तब हामी बालकको निर्माण गरेका हुन्छौं, उसको भावी जीवनलाई हामीले सुरू गराउँछौं, उसको भविष्यको जग बसाल्छौं। बाबुआमा र शिक्षित वर्गहरू ती बालबालिकाहरूको भविष्यको निम्ति जिम्मेवार हुन्छन्। त्यस परिप्रेक्ष्यमा ती शिक्षित वर्ग र बाबुआमाहरू यस संसारको भविष्यप्रति पनि जिम्मेवार बोकेका हुन्छन्। आज हामीले हामीहरूका बालबालिकाहरूलाई के गर्छौं त्यसले धेरै वर्ष सम्मको समाजलाई प्रभावित पारेको हुन्छ।

**सही शिक्षा कतिको महत्त्वपूर्ण हुन्छ भनेर हितोपदेश २२:६ले कसरी औंल्याउँछ, हेर्नुहोस्ः "बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन।"**

हिब्रू भाषामा "शिक्षित" बनाउने त्यही शब्दलाई "समर्पण" भनेर पनि प्रयोग गरिन्छ। सोलोमन राजाले परमेश्वरको निम्ति निर्माण गरिएको मन्दिरलाई समर्पण गरिएको थियो (१ राजा ८:६३)। बालबालिकालाई दिइने प्रारम्भिक शिक्षाको अर्थ जसरी परमेश्वरमा मन्दिरलाई समर्पण गरिएको थियो त्यसरी नै ती बालबालिकालाई परमेश्वरमा समर्पण गर्नु हो। अहिलेलाई मात्र होइन बालबालिकालाई दिएको शिक्षाले तिनीहरूको मात्र नभएर हामीहरूको अनन्तको मुक्तिलाई पनि प्रभावित पार्छ। "भविष्यको लागि र अनन्त जीवनको निम्ति बालबालिकाहरूलाई शिक्षित बनाउने महान् काममा बाबुआमाहरूको उत्तरदायित्व छ।"-एलेन जी ह्वाइट, *चाइल्ड गाइडेन्स,* पृ. ३८बाट रूपान्तरित। बाबुआमा एक भएर बालबालिकाको उचित

शिक्षाको निम्ति जुट्दा त्यसको परिमाण अनन्त सम्म प्रभावित भएको हुन्छ। जब तिमोथीको सराहना गरेका थिए, प्रेरित पावलले हितोपदेश २२:६लाई आत्मसात् गरेर नै लेखेको हुनुपर्छः "तिमीले सानैदेखि पवित्र धर्मशास्त्रलाई जानेका थियौ। ख्रीष्टलाई विश्वास गरेर कसरी अनन्त जीवन पाउँछ भनेर तिनीहरूले तिमीलाई सिकाउँछ।" (२ तिमोथी ३:१५ रूपान्तरित)।

**हितोपदेश २२:८,१५मा के नीतिहरू हामी पाउँछौं? "८ दुष्टता रोप्नेले सङ्कष्टको कटनी गर्छ, र त्यसको झोंकको लौरो नष्ट हुनेछ।... १५ बालकको हृदय मूर्खताको बन्धनले जेलिएको हुन्छ,**
**तर ताड़नाको बेतले (उसलाई सच्च्याउँदा) उसबाट त्यो टाढ़ा भाग्नेछ।"**

शिक्षालाई बिऊहरू रोप्नेसँग तुलना गर्न सकिन्छ। हाम्रा बालबालिमा रोप्ने शिक्षा र समाजले दिने शिक्षाले बालबालिकाको भविष्यलाई निर्धारण गर्दछ। यदि हामीहरूको बिऊ पाप हो भने हामीहरूको शिक्षा (लठ्ठी वा दोऱ्याउने साधन) साधन असफल हुनेछ। हामीहरूले समस्या र दुःखको कटानी गर्नुपर्ने हुन्छ।" (पद ८ रूपान्तरित)। यदि हामीहरूले रोपेको बिऊले बालबालिकाहरूको हृदयमा छुन्छ भने (पद १५) तब तिनीहरूलाई दोऱ्याउने शिक्षाले तिनीहरूको मूर्खतालाई पर राख्नेछ।

**बालबालिका र अरूहरूलाई हामीहरू उदाहरण बनि सिकाउँछौं। तपाईंको उदाहरणबारे सोच्नुहोस्ः तपाईंले कस्तो खालको उदाहरण छोडिरहनुभएको छ? तपाईंको जीवनको कुन् कुन् भागहरू छन् जसमा तपाईंको उदाहरण अझ राम्रो हुनुपरेको छ?**

## उपसंहारः

**थप जानकारीः** "बालबालिकाहरूको निम्ति बाबुआमाहरू सत्यवादीको उत्कृष्ट नमूना हुनुपर्छ। ती सत्यका पाठहरू हामीहरूको छोराछोरीहरूलाई दिनदिनै सिकाउनुपर्छ। जीवनको सबै कामधन्धामा बाबुआमाहरूले उच्च आदर्शका नीतिहरू कडा रूपमा पछ्याउनु आवश्यक छ। बालबालिकाहरूलाई दिइने शिक्षादीक्ष र तालिममा सत्य नीतिहरू सिकाउनुपर्छ।...बाबुआमाहरूले कहिल्यै पनि झुठो बोल्नुहुन्न।

वचनबाट होस् वा कामबाट होस् तिनीहरूले कहिल्यै पनि असत्य बोल्नुहुन्न न त असत्य ब्यवहार नै गर्नुहुन्छ। यदि तपाईं आफ्ना छोराछोरीहरूलाई सत्यमा हिँडाउन चाहनुहुन्छ भने तपाईंहरू आफै पहिला सत्यमा हिँड्नुहोस्।"-एलेन जी ह्वाइट, *चाइल्ड गाइडेन्स,* पृ. १५१बाट रूपान्तरित।

"कतिपय बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई ख्वायो, लुगाहरू लाउन दियो र संसारको रीति अनुसार स्कुलमा पठाएर शिक्षित बनायो भने आफ्ना कर्तव्यहरू पूरा भएको सम्झन्छन्। छोराछोरीहरूले राम्रोसँग पढ्न पाओस् भनेर बन्धब्यापारमा अत्यन्त व्यस्त हुन्छन् र पारिवारिक रमझममा समय बिताउँछन्। तर परमेश्वर तथा तिनीहरूको मुक्तिदाता येशूको सम्मान गर्न ती छोराछोरीहरूमा भएका प्रतिभाहरूको बिकास गर्न तिनीहरूले तालिम दिन कोसिस गर्दैनन्। राजा सोलोमनले यो कहिल्यै पनि भनेन् "बालक कहाँ जानुपर्ने हो भन्, अनि ऊ ठूलो भएपछि त्यसबाट तर्किन्दैन। तर उनले भनेका थिए "कुन मार्गमा हिँड्ने हो सो मार्गमा जान बालकलाई तालिम देऊ र जब ऊ ठूलो हुन्छ त्यस मार्गबाट ऊ पन्छिएर जाने छैन।" (हितोपदेश २२:६ रूपान्तरित)- एलेन जी ह्वाइट, *चाइल्ड गाइडेन्स,* पृ. ३८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हितोपदेश २२:६मा लेखिएको तर्कलाई गहिरिएर सोच्नुहोस्। यस कुरालाई होशियारपूर्वक किन बुझ्नुपर्छ? धेरै बाबुआमाहरूले आफ्ना छोराछोरी हुर्काउन असल प्रयास गर्दछन् तर जब तिनीहरू ठूलो हुन्छन् त तिनीहरूले गलत बाटोहरू अङ्गालेका हुन्छन। ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् द्वन्धको बारेमा हामीले किन कहिल्यै पनि बिर्सनु हुन्न? आत्मनिर्णयको नाउँमा युवायुवतीहरू गलत दिशामा लाग्न सक्छन् भनेर उपरोक्त पदले कसरी आभास् दिन्छ?

आ. हामीले जे दया देखाउने काम गरेतापनि वा परोपकारी काम गरेतापनि त्यसबाट कुनै फल हामीले नपाएतापनि त्यसले हामीलाई संतुष्ट पार्ने कुराको बारेमा सोच्नुहोस्। संसारका धेरै जसो धनीहरू वा धनसम्पत्तिले भरिपूर हुनेहरू खुशी वा संतुष्ट नभएको परिप्रेक्ष्यमा तपाईं के भन्नहुन्छ?

इ. हामी समान छौं भन्यो भन्दैमा हामीहरूमा भएका दक्षता, प्रतिभा, शिक्षा तथा अनुभवहरू एकैनासको हुँदैन। तर एउटा महत्त्वपूर्ण कुरामा हामी बराबर छौंः हामी सबैलाई मुक्तिको निम्ति क्रुसको खाँचो छ। उपरोक्त मामिलामा सबै मानिसहरू समान छन भन्ने धारणाले हामीलाई के सिकाउँछ? अझ त्यस सत्यलाई आत्मसात् गर्न सक्यौं भने अरूलाई गरिने व्यवहारमा कस्तो प्रभाव पार्न सक्छ?